# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आ.व. २०७९/०८० मा जिल्ला महोत्तरी, एकडारा गाउँपालिका वडा नं. १ अन्तर्गतका स-साना सडक ढलान गर्नको लागि विनियोजन भएको रकमबाट गुणस्तरहीन कार्य गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **एकडारा गाउँपालिका महोत्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख (अधिकृत छैटौं) महेन्द्र कुमार मण्डल र असिस्टेन्ट सव-इन्जिनियर संजय कुमार मंडलले** एकडारा गाउँपालिका वडा नं. १ अन्तर्गतका स-साना सडक ढलान योजनाको खरिद प्रक्रियामा तयार गरिएको गुणस्तर सम्बन्धी मापदण्ड अनुसार Compressive Strength १५ $N/mm^2$ हुनुपर्नेमा मापदण्ड अनुसार नभई Average Compressive Strength ४.२६ $N/mm^2$ देखिंदा गुणस्तर नै चेकजाँच नगरी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको भनी गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी, स्वीकृत गरी/गराई सोही प्रतिवेदनसमेतका आधारमा रु.८,६५,१४५/- भुक्तानीसमेत भएको हुँदा निजहरु **सरोज कुमार सिंह, सुभाष पाण्डेय, महेन्द्र कुमार मण्डल, संजय कुमार मंडल**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसुर भएकोले निजहरुलाई बिगो रु.८,६५,१४५/- (आठ लाख पैंसठ्ठी हजार एकसय पैंतालीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुल उपर हुन एवं निजहरुले गुणस्तर चेकजाँच नै नगरी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको भनी भुक्तानीको लागि गलत नापी किताव, कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही आधारमा भुक्तानीसमेत भएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानासमेतको सजाय हुन मागदाबी लिइएको छ।

**एकडारा गाउँपालिका, महोत्तरीका उपाध्यक्ष महजबी खातुन**ले स्थलगत अनुगमन गरी लागत अनुमान बमोजिमको कार्य सम्पन्न भइसकेको भनी गलत प्रतिवेदन दिएको र सोही प्रतिवेदनसमेतको आधारमा भुक्तानीसमेत भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ।

**श्री जानकी कन्सट्रक्शन, मनरा शिसवा न.पा.-५ महोत्तरीका प्रोपराइटर राकेश कुमार रायले** एकडारा गाउँपालिका, महोत्तरीसँग सम्झौता गरी सम्झौताबमोजिम उक्त सडकको मापदण्ड अनुसार Compressive Strength १५ $N/mm^2$ हुनुपर्नेमा मापदण्ड अनुसार नभई Average Compressive Strength ४.२६ $N/mm^2$ मात्र देखिंदा गुणस्तर नै चेकजाँच नगरी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको भनी गलत नापी किताव तथा

कार्यसम्पन्न प्रतिवेदन पेस गरी रु.८,६५,१४५।– भुक्तानीसमेत लिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.८,६५,१४५।– (आठ लाख पैंसठ्ठी हजार एक सय पैंतालीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे